संयुक्त राष्ट्रसङ्घीय
मानवअधिकार उच्चायुक्तको
कार्यालय, नेपाल

United Nations
Human Rights
OFFICE OF THE HIGH COMMISSIONER FOR HUMAN RIGHTS

**प्रेस विज्ञप्ति - २०६६ मङ्सिर २२**

---

## उच्चायुक्तको कार्यालयद्वारा कैलालीमा संयम अपनाउन सरकार र एनेकपा (माओवादी)लाई आग्रह

**काठमाडौं, मङ्सिर २२**

उच्चायुक्तको कार्यालय-नेपाल जिल्ला वन कार्यालयको पहलमा कैलाली जिल्लाको बलिया गाविसस्थित डुडेझारी वनक्षेत्रमा गरिएको हालैको निष्काशन कार्यका क्रममा भएको हिंसाका सन्दर्भमा संयम अपनाउन र थप हिंसाका घटना हुन नदिन सरकार तथा एकीकृत नेपाल कम्युनिष्ट पार्टी (माओवादी)लाई जोडदार रूपमा सावधान गराउँछ।

निष्काशनका क्रममा कथित रूपमा तीनजना व्यक्तिको मृत्यु हुने गरी सुरक्षाफौजद्वारा अत्यधिक बल प्रयोग गरिएको भन्ने आरोप तथा निष्काशनको प्रतिरोध गरिरहेका व्यक्तिहरूद्वारा बन्चरो, खुकुरी र लाठीजस्ता परम्परागत हतियारको प्रयोग गरी एक प्रहरी कर्मचारीको मृत्यु हुने गरी सुरक्षाफौजमाथि आक्रमण गरिएको भन्ने आरोपबारे यस कार्यालयले पुष्टि गर्ने प्रयास गरिरहेको छ।

"हाम्रो फिल्ड कार्यालयमार्फत् हामी स्थितिको अनुगमन गरिरहेका छौं र थप हिंसाको सम्भावनालाई कम गर्न स्थानीय पात्रहरूसँग अन्तर्क्रिया गरिरहेका छौं। म संयम अपनाउन तथा त्यस क्षेत्रको नाजुक स्थितिलाई अझ बिगार्न सक्ने कुनै पनि घटना हुन नदिन राष्ट्रिय पात्रहरूलाई आह्वान गर्छु", उच्चायुक्तको कार्यालय-नेपालका प्रमुख रिचर्ड बेनेटले भन्नुभयो।

---

For further information contact Chun B. Gurung,
Tel: 4280164, Ext. 320; 98510 16937 (mobile); Email: cgurung@ohchr.org